# प्रेस विज्ञप्ति

## मुक्तिनाथ विकास बैंकद्धारा श्री लेखनाथ खानेपानी उपभोक्ता संस्थालाई सहयोग

**मितिः २०७९/०४/०१**

मुक्तिनाथ विकास बैंक लि.ले सामाजिक उत्तरदायित्व अर्न्तरगत विभिन्न संघ संस्थाहरुलाई सहयोग गर्दै आएको छ । सोही योजना अनुसार बैंकले पोखरा नगरपालिका-३०, खुदी, ढुङ्गेपाटन स्थित श्री लेखनाथ खानेपानी उपभोक्ता संस्थालाई आवश्यक पर्ने ५,००० लिटरको एक थान पोलिथिक टङकीका खरिद गर्नका लागि रु. ५५,०६९।- बराबरको आर्थिक सहयोग एक कार्यक्रम बीच उक्त संस्थाका पदाधिकारीहरुको रोहवरमा हस्तानतरण गरेको छ ।




उक्त कार्यक्रममा बैंकका तर्फबाट गण्डकी प्रदेश प्रमुख श्री शँकर के.सी, बुढीबजारका शाखा प्रमुख श्री रामचन्द्र रानाभाट र अन्य कर्मचारीहरुको उपस्थिति तथा श्री लेखनाथ खानेपानी उपभोक्त संस्थाका तर्फबाट अध्यक्ष्य श्री मुरारी शर्मा र अन्य आधिकारिक सदस्यहरुको उपस्थिति रहेको थियो ।

यस सहयोगबाट संस्थाले नजिका नागरिकहरुलाई शुद्ध पिउने पानीका लागि सहयोग पुग्ने धारणा बैंकले लिएको छ । मुक्तिनाथ विकास बैंकले आफ्नो सामाजिक उत्तरदायित्वलाई आत्मसाथ गर्दै, यस सहयोगबाट सेवा क्षेत्रका व्यक्तिहरुको हितमा काम हुने विश्वास लिएको छ ।

साथै, बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न यस विकास बैंकको ATM Card प्रयोग गरी नेपालभरी रहेको VISA Network मा आवद्ध अन्य जुन सुकै बैंकको ATM Machine बाट निशुल्क रकम झिक्न सकिने व्यवस्था गरेको छ । त्यसै गरी मोबाईल बैंकिङ्ग, क्यूआर कोड, अनलाईन कर्जा आवेदन, अनलाईन खाता खोल्ने, ईन्टरनेट बैंकिङ्ग, खाता मै रेमिट्यान्स जम्मा, ***मिस्डकल बैंकिङ्ग ( बचत सेवाको लागिः ९८०११९००२२, कर्जा सेवाको लागिः ९८०११९००२३)*** आदि जस्ता सेवाहरु बैंकको शाखामा भौतिक रुपमा उपस्थित नभई घरबाटै उपयोग गर्न सकिने व्यवस्था गरेको छ ।

प्रमुख सूचना अधिकारी
श्री तिल बहादुर गुरुङ्ग